(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

स्थानीय राजपत्र

खण्डः१ संख्याः८५ मिति२०८२/०१/१६

भाग-२

त्रिवेणी गाउँपालिका

अटो तथा इ-रिक्सा व्यवस्थापन कार्यविधि, २०८१

आज्ञाले,

नामः यज्ञ बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

अटो तथा इ-रिक्सा व्यवस्थापन कार्यविधि, २०८१

प्रमाणिकरण मितिः२०८१/१२/२९

प्रकाशन मितिः२०८२/०१/१६

त्रिवेणी गाउँपालिका बजार क्षेत्र, बस्ती क्षेत्र, प्राथमिक स्वास्थ्य केन्द्र तथा गाउँपालिकाका अन्य विभिन्न स्थानहरुमा आवतजावत गर्न ठूला सवारी साधनहरुको अभाव भई सर्वसाधारणहरु मर्कामा परिरहेकोले सस्तो, शुलभ सवारी साधनहरु अटो तथा इ-रिक्सालाई व्यवस्थित गर्नुपर्ने आवश्यक भएकाले सोको व्यवस्थापन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा ४ (ट) १ ले दिएको अधिकार प्रयोग गरी "अटो तथा इ-रिक्सा व्यवस्थापन कार्यविधि, २०८१" लाई त्रिवेणी गाउँपालिकाको मिति २०८१/१२/२९ गतेको कार्यपालिका बैठकबाट पारित गरी यो कार्यविधि लागु गरेको छ।

परिच्छेद - १

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **"अटो तथा इ-रिक्सा व्यवस्थापन कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. <u>परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,</u>

(क) **"गाउँपालिका"** भन्नाले त्रिवेणी गाउँपालिका सम्झनु पर्दछ।

(ख) **"कार्यविधि"** भन्नाले "त्रिवेणी गाउँपालिका क्षेत्रभित्र अटो तथा इ-रिक्सा व्यवस्थापन कार्यविधि, २०८१" सम्झनु पर्दछ।

(ग) **"कार्यपालिका"** भन्नाले त्रिवेणी गाउँकार्यपालिका सम्झनु पर्दछ।

(घ) **"अध्यक्ष"** भन्नाले त्रिवेणी गाउँपालिकाको गाउँकार्यपालिका अध्यक्षलाई सम्झनु पर्दछ।

(ङ) **"उपाध्यक्ष"** भन्नाले त्रिवेणी गाउँपालिकाको गाउँकार्यपालिका उपअध्यक्षलाई सम्झनु पर्दछ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) **"समिति"** भन्नाले यस कार्यविधिको दफा ९ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

(ज) **"सवारी साधन"** भन्नाले प्रचलित ऐन तथा नियम बमोजिम गाउँपालिकाले व्यवस्थापन गर्ने अधिकार प्राप्त गरेका अटो तथा इ-रिक्सालाई सम्झनु पर्दछ।

(झ) **"बीमा"** भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरुक्षाकर्मी, सवारीमा काम गने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्ने विमा सम्झनु पर्दछ।

(ञ) **"यात्रु"** भन्नाले अटो तथा इ-रिक्साको सवारी साधनमा यात्रा गर्ने व्यक्ति सम्झनु पर्दछ।

(ट) **"चालक"** भन्नाले सवारी चालक अनुमति प्राप्त व्यक्ति सम्झनु पर्नेछ।

(ठ) **"भाडा"** भन्नाले अटो तथा इ-रिक्साको सवारी साधन प्रयोग गरे वापत लिने रकम सम्झनु पर्नेछ।

(ड) "सवारी धनी" भन्नाले प्रचलित कानून बमोजिम सवारी धनी अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्ने छ।

(ढ) “रुट इजाजत पत्र" भन्नाले कार्यविधिको दफा ७ बमोजिमको इजाजत पत्र सम्झनु पर्दछ।

(ण) "भाडा दर" भन्नाले गाउँपालिकाले तोकेको भाडा दर सम्झनु पर्दछ।

परिच्छेद - २

अटो तथा इ रिक्सा संचालनको लागि अनुमति प्रक्रिया

३. **<u>अनुमति विना सन्चालन गर्न नपाइने</u>**ः (१) यस गाउँपालिका क्षेत्रमा यो कार्यविधि बमोजिम अनुमतिपत्र नलिई अटो तथा इ-रिक्सा सन्चालन गर्न पाइने छैन।यस गाउँपालिकामा सवारी साधन संचालन गर्न चाहने सवारी धनीले अनुसूची-१ बमोजिमको ढांचामा कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) गाउँपालिका क्षेत्रभित्रमा अटो तथा ई-रिक्सा मार्फत यातायात सेवा प्रदान गर्नका लागि एक जना सवारी धनीलाई एक अटो तथा ई-रिक्सा संचालनको लागि अनुमति दिइनेछ।

(३) निवेदन प्राप्त भए पश्चात आवश्यक कारबाहीको लागि सम्बन्धित शाखामा जाँचबुझका लागि पठाइनेछ।

(४) अटो तथा इ-रिक्सा सवारी ऐन/नियम बमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एवं नवीकरण भै गाउँपालिकामा आर्थिक ऐन मा तोकिएको दस्तुर बुझाई अटो तथा इ-रिक्सा गाउँपालिकाको क्षेत्रमा संचालनका लागि अनुमति दिनु पर्नेछ।अटो रिक्सा संचालनका लागि अनुमति दिंदा निम्न कागजात पेश गर्नुपर्नेछ

४. **<u>आवश्यक कागजातहरु पेश गर्नुपर्ने:</u>**

(क) सवारी साधन धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी

(ख) फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्र।

(ग) आयकर दर्ताको कागजात/करचुक्ता प्रमाणपत्रको प्रतिलिपी

(घ) सवारी साधन दर्ता प्रमाण (विल बुक)

(ङ) सवारी साधन चालकको सवारी चालक अनुमति पत्र (लाइसेन्स)

(च) तेस्रो पक्ष विमा र यात्रु बीमा गरेको कागजात।

५. **<u>इजाजत पत्र दिन सकिने:</u>** नियमानुसार आवश्यक कागजात सहित पेश भएको निवेदनलाई कार्यालयले रुट इजाजत तथा भाडा दर निर्धारण समितिमा पेश गर्नेछ।समितिले आवश्यक ठानेमा इजाजत दिन निर्णय गर्ने छ।यसरी निर्णय गर्दा समितिले यातायातको वर्तमान अवस्था, आवश्यकता, औतित्यता, सर्वसाधारणलाई पुग्ने सुविधा जस्ता विषयहरु खुलाउनु पर्नेछ।समितिले

गरेको निर्णय अनुसार कार्यालयले आवश्यक कागजातहरु जाँचबुझ गरी इजाजतपत्र उपलव्ध गराउन सक्नेछ।

६. **<u>सवारी रुट इजाजत लागि अभिलेख व्यवस्थापन:</u>** सवारी साधन रुट निर्धारण समितिबाट सिफारिस भई आएका सवारी साधनको अभिलेख राखी तोकेको दस्तुर तिरेको रसिद संलग्न राखी तोकिएको अधिकारीले टिप्पणी लेखी कार्यालय अध्यक्ष समक्ष पेश गर्न पर्नेछ।

७. **<u>सवारी रुट इजाजत पत्र प्रदान:</u>** नियम ६ बमोजिमको आवश्यक प्रक्रिया पुरा गरी पेश हुन आएमा प्रमुख प्रशासकीय अधिकृतबाट अनुसूची-२ बमोजिम सवारी रुट इजाजत पत्र दिइनेछ।

८. **<u>इजाजत पत्रको खारेजी:</u>** सवारी धनी वा सवारी चालकले यस कार्यविधि विपरीत कार्य गरेमा तथा प्रचलित अन्य यातायात व्यवस्था सम्बन्धी कानून उलंघन गरेमा समितिको निर्णय बमोजिम खारेज गर्न निर्णय भई आएका सवारी साधनको इजाजत पत्र प्रमुख प्रशासकीय अधिकृतले खारेज गर्न सक्नेछ।खारेज भएका इजाजतपत्रहरुको अभिलेख अद्यावधिक गर्न लगाउनेछ।त्यसरी खारेज गर्नु अघि सम्बन्धित सवारी धनीलाई सफाइको मौका दिइने छ।

परिच्छेद- ३

रुट इजाजत तथा भाडा निर्धारण समिति गठन तथा काम कर्तव्य र अधिकार

९. **<u>रुट इजाजत तथा भाडा निर्धारण समिति</u>**: (१) गाउँपालिकाभित्र अटो तथा इ-रिक्सा रुट इजाजत तथा भाडा निर्धारण गर्न देहाय बमोजिमको समिति रहनेछ :

(क) गाउँ कार्यपालिका अध्यक्ष -संयोजक

(ख) गाउँ कार्यपालिका उपाध्यक्ष -सदस्य

(ग) गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) पुर्वाधार विकास समिति संयोजक -सदस्य

(ङ) गाउँसभाका सदस्य मध्येवाट अध्यक्षले मनोनीत गरेका १ जना महिला सहित २जना -सदस्य

(च) स्थानीय ट्राफिक प्रहरी कार्यालय प्रमुख तथा प्रतिनिधि -सदस्य

(छ) अटो व्यवसायीहरू मध्ये अध्यक्षले मनोनित गरेको व्यवसायी १ जना प्रतिनिधि -सदस्य

(ज) उपभोक्ताहरु मध्येवाट अध्यक्षले तोकेको १ जना प्रतिनिधि -सदस्य

(झ) पूर्वाधार शाखा प्रमुख -सदस्य-सचिव

समितिले आवश्यक ठानेमा स्थानीय संघिय सरकार तथा प्रादेशिक कार्यालयका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ।समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।बैठक संयोजकको आदेशले सदस्य सचिवले बोलाउने छ।

१०. <u>रुट इजाजत तथा भाडा निर्धारण समितिको काम, कर्तव्य र अधिकारः</u>

(क) गाउँपालिका भित्र अटो तथा इ-रिक्सा संचालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने।

(ख) अटो तथा इ-रिक्साको पार्किङ्ग स्थल तोक्ने।

(ग) अटो तथा इ-रिक्साको स्थान अनुसार भाडा दर निर्धारण गर्ने।

(घ) सेवा क्षेत्र निर्धारण तथा कलस्टर अनुसार अटो तथा इ-रिक्सा संख्या तोक्ने।

(ङ) प्रचलित ऐन, नियम बमोजिम मापदण्ड मापदण्ड पुरा गरी आएका सवारी धनीलाई सवारीको चाप तथा यात्रुको चाप मुल्यांकन गरी अटो तथा इ-रिक्सा संचालनका लागि इजाजत दिन सक्नेछ।

(च) अटो तथा इ-रिक्साको व्यवस्थापन एवं यात्रुहरू बीच भएको विवादको समाधान गर्न आवश्यक सहजीकरण गर्ने।

(छ) रुट इजाजत परिवर्तन गर्न चाहने सवारी धनीलाई नियम १० (ङ) बमोजिम मुल्यांकन गरि प्रतिवेदन तयार गर्ने।

(ज) पटक पटक कार्यविधि उल्लघन गर्ने सवारी साधनको रुट इजाजत खारेज गर्ने।

(झ) गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने।

परिच्छेद - ४

गाउँपालिकाको कार्यालय तथा सवारी धनीले पालन गर्नु पर्ने शर्त

११. <u>गाउँपालिकाले पलना गर्नु पर्ने कुराहरुः</u>

(क) इजाजत पत्र माग निवेदन उपर जाँचबुझ गर्नु पर्नेछ।

(ख) भाडादर सुचिकृत गर्नु पर्नेछ।

(ग) जाँचबुझ पछि इजाजत पत्र प्रदान गर्ने अवस्था भएमा इजाजत दिने र नदिने भए कारण सहित लिखित जानकारी गराउनु पर्नेछ।

(घ) रुट निर्धारण गरिदिने।

(ङ) अटो तथा इ-रिक्सा संचालनका लागि निर्धारण गरिएका रुटहरुको सडक बाटो अवस्थाको अध्ययन गरी समय समयमा मर्मत सम्भारका लागि आफैले वा सम्वन्धीत निकायमा पहल गर्नुपर्नेछ।

(च) भाडा निर्धारण गर्नुपर्ने।

(छ) सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

१२. <u>सवारी धनीले पालना गर्नु पर्ने कुराहरुः</u> सवारी धनीले इजाजत प्राप्त गर्नु अघि र इजाजत प्राप्त गरी सकेपछि निम्न बमोजिम काम र कर्तव्य पुरा गर्नु पर्ने छः

(क) निवेदन साथ तोकिएका आवश्यक कागजातहरु पेश गर्नु पर्नेछ।

(ख) तोकिएको भाडादर मात्र लिनु पर्नेछ। भाडादर यात्रुले देख्ने गरी सवारी साधनमा राख्नु पर्नेछ।

(ग) यात्रुहरुसंग सरल र नम्र व्यवहार गर्न लगाउनु पर्नेछ।

(घ) तोकीएको रुटमा मात्र सवारी साधन चलाउनु पर्ने छ।

(ङ) गाउँपालिकाबाट तोकिएको दर्ता तथा नविकरण दस्तुर समयमा नै बुझाउनु पर्नेछ।

(च) सवारी चालक, यात्रु तथा तेस्रो पक्ष बिमा गराउन पर्ने छ।

(छ) इजाजत पत्रमा तोकिएको संख्यामा मात्र यात्रु राख्नु पर्ने छ।

(ज) सवारी साधनवाट उत्पादन भएको फोहर वस्तुहरु सार्वजनिक स्थानमा फाल्न पाइनेछैन।

(झ) गाउँपालिकाले उपलव्ध गराएको इजाजपत्र नं. आफ्नो सावारी साधनमा गमा टाँस गरी संचालन गर्न पर्नेछ।

परिच्छेद - ५

रुट निर्धारण

१३. <u>रुट निर्धारणः</u> (१) गाउँपालिकाभित्र निम्नानुसार स्थानका लागि वर्तमानमा सडकको अवस्था, आवश्यकता, औतित्यता, सर्वसाधारणलाई पुग्ने सुविधा जस्ता विषयहरु आधार बनाई क्रमशः गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको रुट निर्धारण शुल्क लिई रुट निर्धारण पत्र जारी गर्नेछ। रुट निर्धारण पत्र प्रत्येक सवारी साधनले अनिवार्य वोक्नु पर्नेछ :

<u>रुट निर्धारण</u>

क्र.सं.	रुटको विवरण	समेटने वडा नं. /वस्ती	अटोको संख्या

परिच्छेद - ६

रुट इजाजत तथा नविकरण दस्तुर र दण्ड जरीवाना

१४. <u>रुट इजाजत तथा नविकरण दस्तुरः</u>

(क) बार्षिक सवारी रुट इजाजत दस्तुर बमोजिम हुनेछ। प्रति सवारी

- रिक्सा १०,०००।-
- ई-रिक्सा - ८,०००।-

(ख) रुट इजाजत प्राप्त सवारी साधनको प्रत्येक आर्थिक वर्षमा (नविकरण गर्नु पर्नेछ। नवीकरण दस्तुर गाउँपालिकाको आर्थिक ऐनमा तोके बमोजिम हुने छ।

(ग) सामान्यतया रुट परमिटको अवधि एक वर्षको हुनेछ। चालु आर्थिक वर्षको जुनसुकै मितिमा रुट परमिट लिएका सवारी साधनको रुट परमिटको नविकरण गर्ने अवधि चालु आर्थिक वर्षको अषाढ मसान्तसम्म हुनेछ। म्याद समाप्त भएको मितिले १५ दिनसम्म परमिट नवीकरण

गराइसक्नु पर्नेछ र १५ दिनदेखी थप ३० दिनसम्म अर्थात् शुरु म्याद समाप्त भएको ४५ दिनसम्म दोब्बर दस्तुर तिरी नवीकरण गराउन सकिनेछ।सो अवधि पनि नविकरण नगराएका इजाजत खारेजी प्रक्रियामा जाने छ।

(घ) नवीकरण गर्न कुनै निकायबाट रोक्का नभएको हुनुपर्ने।

(ङ) परमिट नवीकरण गर्दा बीमा अवधिले नभ्याउने भएमा जुन मितिमा विमा अवधि समाप्त हुन्छ सोही मिति सम्मका लागि नविकरण गरिदिने र पछि उक्त कागजात ल्याई आएमा बाँकी रहेको अवधि सोही दस्तुरको आधारमा नवीकर गरिदिने।

(च) तोकिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा अनुमति नलिई संचालन गर्न पाइनेछैन।

१५. <u>जरिवाना सम्बन्धी व्यवस्थाः</u>

(क) यस कार्यविधि बमोजिम रुट अनमति नलिई सवारी साधन संचालन गरेमा प्रमुख प्रशासकीय अधिकृतवाट प्रथम पटक रु.५०००।दोस्रो पटक रु.७००० तेस्रो पटक रु १०,०००।र चौथो पटकमा सोही कार्य गरेमा रुट इजाजत खारेजी गरिनेछ।

(ख) समितिवाट निर्धारण भएको भाडा दर भन्दा बढी भाडा लिएको प्रमाणीत भएमा प्रमुख प्रशासकीय अधिकृतवाट प्रथम पटक रु.५०००।दोस्रो पटक रु.७००० तेस्रो पटक रु १०,००० र चौथो पटकमा सोही कार्य गरेमा रुट इजाजत खारेजी गरिनेछ।

(ग) सवारीले ऐन र नियमावलीले तोके बमोजिमका दुर्घटना बीमा, मजदुर बीमा, तेस्रो पक्ष बीमा आदिको बीमा नगराई सवारी साधन चलाएको खण्डमा प्रमुख प्रशासकीय अधिकृतवाट प्रथम पटक रु.५०००।दोस्रो पटक रु.७०००० तेस्रो पटक रु १०,००० र चौथो पटकमा सोही कार्य गरेमा रुट इजाजत खारेजी गरिनेछ।

(घ) अटो रिक्सा तथा ई-रिक्सा बिरामी बोक्न इन्कार गरेको प्रमाणित भएको खण्डमा प्रमुख प्रशासकीय अधिकृतवाट प्रथम पटक रु. २०००।दोस्रो पटक रु.३००० तेस्रो पटक रु.५,००० र चौथो पटकमा सोही कार्य गरेमा रुट इजाजत खारेजी गरिनेछ।

(ङ) प्रमुख प्रशासकीय अधिकृतबाट भएको जरिवाना तथा कारवाही उपर चित्त नबुझेमा गाउँपालिका अध्यक्ष समक्ष निवेदन दिन सक्नेछ।

(च) तपसिल बमोजिम कसुर गर्नेलाई तत्काल ट्राफिक प्रहरी र नगर प्रहरीले प्रचलित यातयात ऐन नियमानुसार जरिवाना गर्नेछ।

(क) ट्राफिक सङ्केत वा इशारा उल्लघङ्न गरी चलाएको।

(ख) पार्किङ निषेध गरिएको ठाउँ वा समयमा पार्किङ गरेमा।

(ग) सवारी मोड्न वा ध्वनि सङ्केत निषेध गरिएको ठाउँमा मोडेमा वा ध्वनि सङ्केत दिएमा।

(घ) गलत साइडतर्फ सवारी चलाएमा।

(ङ) एकतर्फी सडकमा सो विपरित चलाएमा।

(च) अवस्था ठिक नभएको सवारी चलाएमा।

(छ) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा।

(ज) राति बत्ती नबाली सवारी चलाएमा।

(झ) मादक पदार्थ सेवन गरी सवारी चलाएमा

(ञ) नम्बर प्लेट नराखी सवारी चलाएमा

(ट) निर्धारित सिट भन्दा बढी यात्रु राखी

(ठ) सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेमा।

(ड) लापरवाही तरिकाले सवारी चलाएमा चलाएमा।

(ढ) चालक अनुमति पत्र साथमा नराखी सवारी चलाएमा।

परिच्छेद-७

विविध

१६. **भाडादरः** गाउँपालिकाभित्र संचालन हने अटो रिक्सा तथा इ-रिक्साको भाडा दर समय समयमा रुट इजाजत तथा भाडा निर्धारण समितिको सिफारिसमा गाउँपालिकाले तोके बमोजिम हुनेछ।

१७. यातायात कार्यालयमा सवारी दर्ता, सवारी संचालनको अनुमतिपत्र, बीमा र ट्राफिक नियमको पालना सम्बन्धी व्यवस्था सवारी तथा यातायात व्यवस्था ऐन, नियम बमोजिम हुनेछन्।

१८. **चालकले पालनागर्नु पर्ने नियमहरूः**

(१) प्रत्येक सवारी चालकले निम्नानुसारको नियम अनिवार्य रूपमा पालना गर्नुपर्नेछः

(क) सवारी चालक अनुमतिपत्र, सवारी दर्ता किताब, बाटो इजाजतपत्र साथमा लिई मात्र सवारी चलाउनुपर्ने।

(ख) बीमा, नवीकरण गरेको प्रमाण पत्र साथमा राखी सवारी साधन चलाउनुपर्ने

(ग) अटो रिक्साको यान्त्रिक अवस्था ठिक भए/नभएको चेकजाँच गरेर मात्र सवारी साधन चलाउनुपर्ने। तोकिएको भार, क्षमता र गतिमा मात्र सवारी साधन चलाउनुपर्ने।

(घ) मादक पदार्थ तथा लागु औषधी सेवन गरी सवारी चलाउन पाइने छैन साथै प्रतिबन्धित मालसामान तथा चिजवस्तु ओसारपसार समेत गर्न पाइने छैन।

(ङ) सवारी चलाउँदा मोबाइल फोनको प्रयोग र ठूलो आवाजमा गीत संगीत बजाएर सवारी चलाउन पाइने छैन। सडकमा ध्यान केन्द्रित गरेर सुरक्षित साथ सवारी साधन चलाउनुपर्ने।

(च) लेन अनुसाशनको पालना गर्नुपर्ने, आफूभन्दा अगाडिको सवारी साधनसँग Breaking Distance कायम गर्नुपर्ने।

(छ) अटो रिक्साको अगाडिको भाग चालकको दायाँ बायाँ यात्रु तथा मालसामान राख्न पाइने छैन साथै सवारीको बाहिरी भागमा मालसामान तथा यात्रु राख्न र झुण्ड्याउन पाइने छैन।

(ज) सामाजिक सद्भाव र सडक सुरक्षामा ध्यान दिँदै यात्रुमैत्री व्यवहार गर्नुपर्ने साथै अशक्त, वृद्ध तथा बालबालिकालाई विशेष ध्यान पुर्‍याउनुपर्नेछ।

(झ) सडकमा जथाभावी सवारी साधन रोक्ने, पार्किङ गर्ने जस्ता कार्य गर्न पाइने छैन साथै सवारी साधन पूर्ण रुपमा रोकिएको अवस्थामा मात्र यात्रु चढाउने र ओराल्ने गर्नुपर्नेछ।

(ञ) रातिको समयमा यात्रा गर्दा लाइटको सही सदुपयोग गर्नुपर्नेछ। अटो रिक्सा तीव्र गतिमा चलाउने र आफूखुशी सवारी साधनको स्वरुप परिवर्तन गर्ने जस्ता कार्य गर्न पाइने छैन।

(ट) अटो रिक्सा मुख्य सडकमा संचालन गर्ने, सडकको जथाभावी प्रयोग गर्ने, शारीरिक तथा मानसिक अवस्था ठिक नभएकाले सवारी चलाउने जस्ता कार्य गर्न पाइने छैन। होसियारी पूर्वक सवारी साधन चलाउनुपर्नेछ।

(ठ) सवारी दुर्घटना, सवारी आवागमन अवरोध, ट्राफिक समस्या तथा गुनासो भए तत्काल ट्राफिक प्रहरी कार्यालय, नगर प्रहरी र गाउँ कार्यपालिकाको कार्यालयलाई जानकारी दिनुपर्नेछ।

१९. **यात्रु सुरक्षाः** यात्रु सुरक्षाका लागि प्रत्येक सवारी साधनमा निम्नानुसारका नियमहरु पालना गर्नु/गराउनु पर्नेछः (१) अटोरिक्साहरुको दाहिने तर्फबाट यात्रु चढ्ने र झर्ने गर्न दिनु हुदैन।

(२) स्थान अनुसारको भाडादर उल्लेख गरी सवारी साधनमा देखिने गरी टाँस्नुपर्ने।

(३) अटोरिक्सामा राखिएका साउण्ड सिस्टम पर्ण रुपमा हटाउनुपर्ने

(४) यात्रुहरुले यात्राका बखत जथाभावी फोहर नफाल्ने व्यवस्था मिलाउनु पर्नेछ।

२०. **अनुगमनः** ट्राफिक प्रहरी, नगर प्रहरी र गाउँपालिकाले उल्लेखित कार्यविधि बमोजिम अटोरिक्सा संचालन भए नभएको अनुगमन गर्न सक्नेछ।

२१. **विविधः** यस कार्यविधिमा उल्लेख नभएका विषयहरु सवारी तथा यातायात व्यवस्था ऐन, नियम तथा अन्य प्रचलित कानून बमोजिम हुनेछन्।

अनुसूची- १
(सवारी रुट अनुमतिको लागि निवेदनको ढाँचा)

मिति ....

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
त्रिवेणी गाउँपालिका रुकुम पश्चिम।

विषय : सवारी रुट अनुमति पाउँ

उपरोक्त विषयमा देहाय बमोजिम विवरण भएको मेरो/हाम्रो नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको ई रिक्सा तथा अटो रिक्सा निम्न रुटमा संचालन गर्न अनुमति पाउन यो निवेदन पेश गरेको छु/छौं।

<u>सवारी साधनको</u>

सवारी साधनको किसिमः
सवारी दर्ता नं र दिने कार्यालयः
चेसिस नः
इन्जिन नः
मोडेल :
बनेको साल :
यात्रु सिट संख्याः

<u>सवारी धनीको</u>

नाम :
ठेगाना :
संस्था भए दर्ता विवरण :
संचालन गर्न माग गरेको रुट :

<u>संलग्न कागजात</u>

सवारी धनी दर्ता प्रमाणपत्र
नेपाली नागरिकताको प्रमाणपत्र
विदेशी भएमा अनुमति पत्र
सवारी चालक अनुमति पत्र
यात्रु विमा कागजात/तेस्रो पक्ष विमा
संस्था भए दर्ता प्रमाणपत्र

प्रचलित ऐन कानूनमा व्यवस्था भएका र कार्यविधिमा भएका सम्पूर्ण प्रावधानहरु पालना गर्ने गरी सवारी व्यवसाय संचालन गर्नेछु। यसमा लेखिएको व्यहोरा ठिक साँचो हो झुट्टा ठहरे ऐन कानुन बमोजिम सहुँला बुझाउला।

निवेदकको नामः

दस्तखत :

अनुसूची - २

(इजाजत पत्रको ढाँचा)

त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुकुम पश्चिम

मिति ....

इजाजत पत्र नं. :

श्री ....

.... ।

तपाइको नाममा दर्ता भएको देहायको विवरण भएको सवारी साधनलाई आ.व. .... को लागि देहायको रुटमा सवारी साधन संचालन गर्न रुट इजाजत दिइएको छ। प्रचलित ऐन कानूनको अधिनमा रही सवारी संचालन गर्नुहुन अनुरोध छ।

<u>सवारी साधनको विवरण</u>

सवारी साधनको किसिम :

सवारी दर्ता नं. र दिने कार्यालय :

चेसिस नं. :

इन्जिन नं. :

मोडेल :

बनेको साल :

यात्रु सिट संख्या :

<u>सवारी धनीको विवरण</u>

नामः

ठेगानाः

संस्था भए दर्ता विवरण :

संचालन गर्न अनुमति दिएको रुट :

संचालन गर्न अनुमति दिएको अवधि :

विमा अवधिः

रुट इजाजत पत्र प्रदान गर्ने पदाधिकारीको

दस्तखत :

नाम :

पदः

नवीकरण विवरण

मिति	रसिद नं.	नवीकरण अवधि	विमा अवधि	शाखा प्रमुख	अनुमति गर्ने प्रदान अधिकृतको दस्तखत र मिति

आज्ञाले,

यज्ञ बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत